"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

www.psc.gov.np

लोक सेवा आयोग

# समाचार पत्र

A Trimester Newsletter of
Public Service Commission, Nepal

वर्ष - ६ | अंक - ३ | पूर्णाङ्क - १९ | माघ – चैत्र २०७२

## लोक सेवा आयोग ऐन, २०७२ को मस्यौदा बारे छलफल तथा अन्तरक्रिया सम्पन्न

*(लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको भवन)*

## सचिव श्री माधवप्रसाद रेग्मीको पद बहाली

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२ फागुन १७ को निर्णयानुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सरुवा हुनु भएका सचिव श्री माधवप्रसाद रेग्मीले मिति २०७२ फागुन २१ देखि आयोगमा पदबहाली गर्नुभयो ।

वि.सं. २०४४ सालमा शाखा अधिकृत हुनुभएका सचिव श्री माधवप्रसाद रेग्मीको शुरुको पदस्थापना लोक सेवा आयोगमा भएको थियो । आयोगमा तत्कालीन समयमा संस्थान सुपरीवेक्षण शाखा, अध्यक्षज्यूको निजी सहायक, लिखित परीक्षा नतिजा शाखामा बसी आयोगबाट सम्पन्न हुने विभिन्न कामहरुको अनुभव हासिल गरिसक्नु भएका उहाँले करिब डेढ वर्ष लोक सेवा आयोग, सगरमाथा अञ्चल कार्यालय, दिक्तेलको कायममुकायम अञ्चल प्रमुख पदमा समेत रही कार्य गर्नु भएको थियो । उपसचिव पदमा रहेर पनि उहाँले आयोगमा

### समावेश भएका विषयवस्तुहरु


- सचिव श्री माधवप्रसाद रेग्मीको पद बहाली
- सचिव श्री श्रीधर सापकोटाको पदबहाली तथा आयोगबाट सरुवा
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना सम्बन्धी विवरण
- आयोगका पदाधिकारी/कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण/तालिम
- भवन निर्माण सम्बन्धी प्रगती विवरण
- समवेदना
- आर्थिक वर्ष २०७२/७३ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७२ माघ – चैत्र मसान्तसम्म)
- अन्तर्वार्ता (आयोग र यसका कार्यप्रक्रियाका सम्बन्धमा)
- (क) आयोगका सचिव श्री माधवप्रसाद रेग्मी
- (ख) आयोगका पूर्वसचिव श्री विष्णुप्रसाद लम्साल
- सूचनामूलक लेख
- सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण
- आयोगको आर्थिक वर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका


सम्पादक मण्डल :
लक्ष्मीविलास कोइराला, अध्यक्ष (सहसचिव)
गीता कुमारी होमेगाई, सदस्य (उपसचिव)
हरिबहादुर खड्का, सदस्य-सचिव (शाखा अधिकृत)

काम गर्नु भएको थियो । खरिदार वा सो सरह अस्थायी डिठ्ठा पददेखि नेपाल सरकारको सचिव रहनु भएका उहाँमा निजामती सेवाको सबै श्रेणीका पदको अनुभव रहेको छ भने सहायक सचिव, दशभन्दा बढी जिल्लाहरुको प्रमुख जिल्ला अधिकारी, अध्यागमन विभागको महासचिवको पदमा समेत रही लामो कार्यानुभव हासिल गर्नुभएका उहाँले वाणिज्य तथा आपूर्ति मन्त्रालय (तत्कालीन), स्थानीय विकास मन्त्रालय (तत्कालीन), सिँचाई मन्त्रालयको सचिव पदमा रही कार्य गरिसक्नु भएको छ ।

बहालीको क्रममा उहाँले लोक सेवा आयोगको स्वतन्त्रता र निष्पक्षताका कारणले नै आज हामी निजामती कर्मचारीको रुपमा रहन सकेको हुँदा यो संस्थाको छुट्टै महत्व र स्थान रहेको, आयोगमा निष्पक्षता कायम गर्नका लागि धेरै प्रकारका मूल्य, मान्यता तथा कार्यप्रक्रिया स्थापित गर्न आयोगका पूर्व सचिव श्री भूवनमान सिंह प्रधानको अतुलनीय योगदान रहेकोले उहाँ सदैव आदरणीय रहनु भएको, उहाँले शुरुवात गर्नुभएको उत्तरपुस्तिका कोडिङ सम्बन्धी व्यवस्था लगायत अन्य कार्यप्रणाली हालसम्म पनि आयोगका कामकारवाहीहरु निष्पक्ष र योग्यता प्रणालीका संरक्षकका रुपमा रहेका धारणा व्यक्त गर्नुभयो ।

नेपालको संविधान कार्यान्वयनमा आएसँगै आयोगका काम, कारवाहीमा बढोत्तरी भएकोले विद्यमान ऐन, नियम, कार्यविधिमा पनि परिवर्तन गर्नुपर्ने विगतको तुलनामा प्रतिस्पर्धामा पनि वृद्धि भइरहेको हुँदा परीक्षण प्रविधि तथा कार्यप्रक्रियालाई समेत व्यवस्थित गर्नुपरेको अवस्था रहेको र बढ्दो कार्यक्षेत्र र भूमिकासँग आयोगका Objectivity र Reliability लाई कायम राख्न सबै पक्षबाट प्रयत्नशील रहनु पर्ने विषयमा प्रकाश पार्नुभयो ।

**सचिव श्री श्रीधर सापकोटाको पदबहाली तथा आयोगबाट सरुवा**

मिति २०७१ भाद्र २ गतेदेखि आयोगमा कार्यरत रहनु भएका सचिव श्री विष्णुप्रसाद लम्साल मिति २०७२ पौष १२ मा आपूर्ति मन्त्रालयमा सरुवा हुनुभएपछि मिति २०७२ पौष १३ देखि आयोगका सहसचिव श्री लोकहरि पाण्डे मिति २०७२ माघ १० सम्म निमित्त सचिवको रुपमा कार्यरत रहनु भएको थियो । नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२ माघ ८ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सरुवा हुनुभएका सचिव श्री श्रीधर सापकोटा मिति २०७२ माघ ११ मा आयोगमा पदस्थापना हुनु भएको थियो । तर करिब १ महिना पश्चात् नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२ फागुन १७ को निर्णयानुसार उहाँको आपूर्ति मन्त्रालयमा सरुवा भई मिति २०७२ फागुन २० गते आयोगबाट रमाना लिनुभएको थियो ।

**आयोगका महत्वपूर्ण निर्णयहरु :**

- सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७२।७३ च.नं. ८३ मिति २०७२।९।२६ को पत्रानुसार सम्मानित सर्वोच्च अदालतको मिति २०७१।१०।२२ को आदेश कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल विविध सेवा, विशेष समूहमा कार्यरत कर्मचारीहरुलाई नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को (पाँचौ संशोधन), २०७२ को नियम ५ को उपनियम (४) मा विशेष समूहका कर्मचारीहरुको प्रशासन तथा व्यवस्थापन नियमावली, २०६५ बमोजिम नेपाल विविध सेवा, विशेष समूहमा कार्यरत कर्मचारीहरुलाई उपयुक्तताको विषयमा लोक सेवा आयोगको परामर्श लिई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको समान श्रेणीमा समुहकृत गरिनेछ भन्ने उल्लेख भए बमोजिम सो को परामर्श माग भइ आएको सन्दर्भमा नेपालको संविधानको धारा २४३ को उपधारा (६) को खण्ड (घ) बमोजिम विविध सेवाबाट प्रशासन सेवामा सेवा परिवर्तन गर्न परामर्श दिने प्रयोजनको लागि लोक सेवा आयोग ऐन, २०६६ को दफा २४ को कुनै छनौट विधिद्वारा परीक्षा लिई उपयुक्तताको परीक्षण गर्नुपर्ने भएकोले देहाय बमोजिम गर्न मिति २०७२।१०।४ मा निर्णय भएको ।

  (क) श्रेणीविहिन पदहरुका लागि कार्य अनुभव, शैक्षिक योग्यताका साथै अन्य प्रासंगिक व्यक्तिगत विवरणका आधारमा छनौट गर्न आयोगको सचिवलाई अधिकार प्रत्यायोजन गर्ने,

  (ख) राजपत्र अनंकित पदहरुका लागि १०० अंक पूर्णाङ्क र ४० अंक उत्तीर्णाङ्क तोकिएको अन्तर्वार्ता लिई छनौट गर्न आयोगको सचिवलाई अधिकार प्रत्यायोजन गर्ने,

  (ग) राजपत्रांकित अधिकृतहरुको लागि माथि खण्ड (ख) बमोजिमको पूर्णाङ्क र उत्तीर्णाङ्कको अन्तर्वार्ता आयोगले लिई छनौट गर्ने ।"

- नेपालको संविधानको भाग २३ बमोजिम लोक सेवा आयोगको गठन भएको र निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त छनौट गर्न परीक्षा संचालन गर्नु आयोगको मुख्य कर्तव्य रहेकोमा निष्पक्ष र तटस्थ संवैधानिक भूमिका निर्वाह गर्दै आइरहेको आयोगले आफ्नो भूमिका, जिम्मेवारी र सार्वजनिक पहिचान झल्कने खालको लोगो निर्माण गरी प्रयोगमा ल्याउन लोगो डिजाइन गरी प्रयोग गर्ने सन्दर्भमा विभिन्न समयमा विभिन्न चरणमा छलफल तथा परामर्श भई उक्त कार्यलाई तार्किक निश्कर्षमा पुऱ्याउन आयोगको लोगोमा समावेश गर्नुपर्ने न्यूनतम Modality को सन्दर्भमा देहाय बमोजिम गर्ने गरी मिति २०७२।१०।७ मा निर्णय भएको ।

  १. आयोगले अवलम्बन गर्दै आएका योग्यता प्रणाली, स्वच्छता र निश्पक्षता जस्ता कुराहरु प्रतिबिम्बित हुने गरी आयोगको लोगो डिजाइन गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई १५ दिनभित्र प्रस्ताव पेश गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने ।

२. आयोगद्वारा छनौट गरिएको लोगो बापत रु. १००,०००।- (एक लाख) पारिश्रमिक दिने ।

- लोकसेवा आयोगबाट लिइने विभिन्न पदहरुको लिखित प्रतियोगितात्मक परीक्षामा अपाङ्गहरुलाई छुट्याइएको कोटामा सबै किसिमका अपाङ्गहरुले फाराम भरी परीक्षामा संलग्न हुने र सबैलाई समान किसिमको परीक्षा प्रणाली (परीक्षा समय, प्रश्नपत्र, आइ.क्यू प्रश्नहरु) बाट परीक्षा दिनुपर्ने व्यवस्था रहेकोमा दृष्टि विहिन अपाङ्गता भएका उमेदवारहरुले अन्य सामान्य किसिमका अपाङ्ग भएकाहरुसँग समान प्रतिस्पर्धा गर्नुपर्ने भएकोले अन्य अपाङ्गता भएका उमेदवारको तुलनामा दृष्टि विहिन अपाङ्गता भएकाहरुलाई परीक्षाको तयारीमा कठिन, सहयोगी लेखकको माध्यमबाट परीक्षा दिनुपर्ने अवस्था, अन्य सपाङ्ग उमेदवार सरह समान समय, आइ क्यू का चित्रात्मक प्रश्नपत्रहरु देख्न नसक्ने आदि कारणले लिखित परीक्षामै उत्तिर्ण हुन नसकी आयोगका विभिन्न पदका लिखित परीक्षामा दृष्टि विहिन अपाङ्गता भएका उमेदवार हरुको सफलता न्यून रहेकोले यस परीक्षा प्रणालीलाई दृष्टिविहिन मैत्री बनाइ निजामती सेवामा दृष्टि विहिन युवाहरुको सहज पहुँच अभिबृद्धिका मागहरु राखी Blind Youth Association, Nepal बाट दृष्टिविहिन परीक्षार्थीका निम्ति अतिरिक्त समय थप एवं आईक्यू परीक्षाको चित्रात्मक प्रश्नको वैकल्पिक व्यवस्था सम्बन्धमा परेको निवेदन उपर देहाय बमोजिम गर्ने गरी मिति २०७२।१०।७ मा निर्णय भएको ।

  १. आयोगबाट लिइने विभिन्न श्रेणीका पदहरुको परीक्षामा सोधिने प्रश्नपत्रको मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न Reasoning Test मध्ये दृष्टि विहिन उमेदवारहरुको हकमा Abstract/Pictorial Reasoning का प्रश्नहरुको जवाफ दिन नपर्ने र अन्य Reasoning Test हरुको अंकलाई उक्त खण्डको शत प्रतिशत मानी कायम भएको अंकलाई मनोवैज्ञानिक परीक्षण खण्डको कुल प्राप्ताङ्कको रुपमा नतिजा प्रकाशन प्रयोजनको लागि गणना गर्ने गरी आवश्यक व्यवस्था मिलाउने । OMR बाट परीक्षण गरिने परीक्षाको लागि दृष्टि विहिन उमेदवारहरुको उत्तरपुस्तिका छुट्टै खाममा शिलबन्दी गरी मूल खाम भित्र संलग्न गरी पठाउने र यस्ता उत्तर पुस्तिकाहरुलाई छुट्टै कोडिङ्ग गरी म्यानुअल परीक्षण गर्ने व्यवस्था मिलाउने ।

  २. सहयोगी लेखक आवश्यक हुने लिखित परीक्षाको लागि तोकिएको समयावधीमा प्रति घण्टा १० मिनेटको दरले थप समय प्रदान गर्ने ।

- प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा, नक्सालबाट नेपाल प्रहरीमा रिक्त प्रहरी जवान (जनपद) पद र प्रहरी कार्यालय सहयोगी पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमलाई परिमार्जन र स्वीकृतिका लागि माग भई आएकोमा देहाय बमोजिम गर्ने गरी मिति २०७२।१०।११ मा निर्णय भएको ।

  (क) सहयोगी पदको प्रयोगात्मक परीक्षालाई वस्तुगत ढंगले मूल्यांकन गर्ने व्यवस्था पदपूर्ति समितिले बनाउने ।

  (ख) प्रहरी जवान (जनपद) र प्रहरी कार्यालय सहयोगी पदहरुको पाठ्यक्रमलाई परिशिष्टाङ्क (क), (ख), (ग) र (घ) मा उल्लेख भए अनुसार संशोधन गरी उक्त पदहरुको पाठ्यक्रम मिति २०७२।१०।११ बाट लागु गर्ने गरी स्वीकृत गर्ने ।

- आर्थिक वर्ष २०७२।७३ देखि यस आयोगबाट प्रकाशित पदपूर्ति सम्बन्धी विज्ञापनहरुमा Online माध्यमबाट दरखास्त संकलन हुँदै आएको छ । जसमा उमेदवारहरुले आफ्नो User Name Create गरेपछि त्यसको Password उपलब्ध गराइने र सोही Password यथावत रुपमा वा परिवर्तन गरी उमेदवारले प्रयोग गर्नुपर्ने व्यवस्था रहेकोमा अनलाईन दरखास्त प्रारम्भ गरेदेखि नै उमेदवारहरुबाट User Name र Password विर्सिएको भनी फोन, ई-मेलबाट, उमेदवार स्वयं उपस्थित, भई तथा निवेदनबाट सोधनी गर्ने क्रम धेरै बढ्दै गएको र कतिपय उमेदवारले दरखास्त आफै नभरी अरु मार्फत भराउँदा वा आफै भरेपनि User Name/Password याद नगर्नाले यस्तो हुन सक्ने भएकोले यस्ता प्रवृतीलाई निरुत्साहित गर्न केहि दस्तुर तोकिदिने सके प्रभावकारी हुने देखि उमेदवारले आफ्नो User Name र Password विर्सिएर पुनः Reset गराउनु परेमा देहाय बमोजिम गर्ने गरी मिति २०७२।१०।२१ मा निर्णय भएको ।

  उमेदवार आफैले Password Reset गर्न सक्नेगरी System मा व्यवस्था गर्ने । User name र Password थाहा नभई Reset का लागि अनुरोध गर्ने उमेदवारहरुको हकमा प्रत्येक पटकको लागि रु ५०।- (पचास रुपैया) दस्तुर लिई आयोगको केन्द्रीय कार्यालय तथा आयोग अन्तर्गतका कार्यालयहरुबाट Reset गर्ने व्यवस्था मिलाउने ।

- आयोगबाट संचालित देहायका प्रतियोगितात्मक लिखित परीक्षामा देहायनुरुपका परीक्षा केन्द्रबाट सम्मिलित भएका उमेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसंचालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाईएकोले निज उमेदवारहरुको उक्त परीक्षा रद्द गरी निजहरुलाई उल्लेखित परीक्षा दिएको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट संचालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने गरी विभिन्न मितिमा निर्णय भएको ।

**नेपाल प्रहरीतर्फको प्रहरी सहायक निरीक्षक (जनपद) पदको परीक्षा (आयोगको मिति २०७२।१०।२१ को निर्णयानुसार)**

| क्र.सं. | वि.नं. | परीक्षा केन्द्र | रोल नं. | उमेदवारको नाम/ठेगाना | बाबु/आमाको नाम | बाजे को नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०७१-७२ | श्री रत्नराज्य उ.मा.वि.(ख), काठमाडौं | ९९२९२ | हरेन्द्रबहादुर वम, पिपलचौरी, दार्चुला | गणेश/पारमति देवी | धर्म | २०७२/८/६ | चिट थान-१ फेला परेको |
| २ | | श्री प्रोलिफिक उ.मा.वि., काठमाडौं | ९७०२४ | सरीता के.सी शहरे-१, दोलखा | शिववहादुर/मधु | रत्न | २०७२/८/५ | चिट थान-१ फेला परेको |
| ३. | | श्री विजयस्मारक उ.मा.वि. (ख), काठमाडौं | ९७६९३ | सुब्बा सिं घिसिङ, भद्रकाली-३, सिन्धुली | रणजित/बिमला | जित | २०७२/८/६ | चिट थान-१ फेला परेको |
| ४. | | श्री वाराही उ.मा.वि. मालेपाटन, पोखरा | ५५९५८ | संजन कुमार राय, वेल्ही-१, सर्लाही | तलेश्वर/शान्ति | मोन्फी | २०७२/८/५ | निजको साथमा गेस पेपर पाना १२ फेला परेको |

**स्वास्थ्य सेवाको कन्सलटेन्ट, अर्थोपेडिक, सर्जन, नवौं तहको परीक्षा (आयोगको मिति २०७२।११।२० को निर्णयानुसार)**

| क्र.सं. | वि.नं. | परीक्षा केन्द्र | रोल नं. | उमेदवारको नाम/ठेगाना | बाबु/आमाको नाम | बाजे को नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| ५. | १७१४०-१७१४३ /०७२-७३ | आयोगको के.का., अनामनगर | १३००२२ | रविन्द्रमुनि बज्राचार्य | लोकमुनी | सप्तमुनी | २०७२/१०/२३ | चारवटै उत्तरपुस्तिका नबुझाई आफैले लगेको । |

**स्वास्थ्य सेवाको हे.ई., नवौं तहको परीक्षा (आयोगको मिति २०७२।१२।११ को निर्णयानुसार)**

| क्र.सं. | वि.नं. | परीक्षा केन्द्र | रोल नं. | उमेदवारको नाम/ठेगाना | बाबु/आमाको नाम | बाजे को नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| ६. | १७२१३-१७२१५ /०७२-७३ | आयोगको के.का., अनामनगर | १३००३१ | पुरुषोत्तम राज सेढाईं | लक्ष्मीप्रसाद | भवनाथ | २०७२/१०/२७ | चारवटै उत्तरपुस्तिका नबुझाई आफैले लगेको । |

- आयोगको मिति २०७२/९/९ को निर्णयानुसार आयोगको विज्ञापनहरुमा लिखित परीक्षाबाट छनौट भई अन्तर्वार्तामा समावेश भएका उमेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्क उपलब्ध गराउन १(एक) महिनाभित्र सफ्टवेयर निर्माण गरी निम्नानुसार प्राप्तांक उपलब्ध गराउनका लागि देहाय बमोजिम गर्ने गरी मिति २०७२।११।४ मा निर्णय भएको ।

१. **प्राप्तांक उपलब्ध गराउने निकाय** : आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुको विज्ञापनका हकमा सम्बन्धित निकायका अन्तर्वार्ता तथा सिफारिश शाखाबाट आयोगको लिखित परीक्षाबाट उत्तीर्ण भई अन्तर्वार्तामा संलग्न भएका उमेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्क त्यस्ता निकायबाट योग्यताक्रम तथा सिफारिशको सूचना प्रकाशन गरी सकेपछि अति गोप्य तवरले Web मार्फत/पत्राचार मार्फत आयोगको सूचना तथा प्रकाशन शाखामा पठाउने व्यवस्था मिलाउने । त्यसरी प्राप्त भएको प्राप्ताङ्क सूचना तथा प्रकाशन शाखाले सम्बन्धित उमेदवारलाई उपलब्ध गराउन System मा Upload गर्ने ।

२. **सूचना उपलब्ध गराउने अवधि** : अन्तिम योग्यताक्रम प्रकाशन भएको मितिले ७ दिनपछि उपलब्ध गराउने र त्यसको ७ दिनपछि Website बाट हटाउने त्यसरी प्राप्ताङ्क उपलब्ध गराउने र निश्चित समयपछि Website बाट हटाउने विषयलाई योग्यताक्रम प्रकाशनको सूचनामा उल्लेख गरिदिने ।

३. Developer बाट प्राप्त सफ्टवेयरलाई सूचना तथा प्रविधि विभाग Department of information and

Technology बाट परीक्षण गराई कार्यान्वयनमा लैजाने ।

- आयोगको क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुबाट एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अन्तर्गत हुने अप्राविधिकतर्फ रा.प.अनं.द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको विज्ञापन मिति २०७२।११।२६ गते बुधबार प्रकाशित हुने कार्यक्रम रहेकोमा उक्त विज्ञापनको लिखित परीक्षा कार्यक्रम आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार प्रकाशित हुने विज्ञापनको दोव्वर दस्तुर तिरी दरखास्त फाराम भर्ने अन्तिम मिति २०७२।१२।२३ गतेसम्म रहने देखिन आएको हुँदा चैत्र महिनामा लिखित परीक्षा कार्यक्रम राख्न सकिने अवस्था नरहेकोले उक्त विज्ञापनको लिखित परीक्षा देहाय बमोजिम गर्ने गरी आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका संशोधन गर्नका लागि मिति २०७२।११।१७ मा निर्णय भएको ।

| श्रेणी | किसिम | | विज्ञापन/सूचना प्रकाशन | परीक्षा संचालन | कैफियत |
|---|---|---|---|---|---|
| विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | | फागुन अन्तिम बुधबार | असारको दोस्रो साता | अन्य कार्यक्रमहरु लिखित परीक्षा कार्यक्रम सरेको अनुपातमा सार्ने । |
| | खुला | प्रथम चरण | | | |
| | | द्वितीय चरण | | वैशाख अन्तिम साता | |
| | | | | असारको दोश्रो साता | |

- नेपाल विविध सेवा, विशेष समूहमा कार्यरत कर्मचारीहरुलाई निजामती सेवामा समावेश गर्ने नेपाल सरकारको निर्णय अनुसार सामान्य प्रशासन मन्त्रालयबाट अनुरोध भै आए बमोजिम नेपाल विविध सेवा, विशेष समूहमा कार्यरत सहसचिव वा सो सरह (रा.प.प्रथम) का कर्मचारीलाई नेपाल प्रशासन सेवा र उपसचिव वा सो सरह (रा.प.द्वितीय), शा.अ. वा सो सरह (रा.प.तृतीय), ना.सु. वा सो सरह (रा.प.अनं.प्रथम), खरिदार वा सो सरह (रा.प.अनं.द्वितीय), मुखिया वा सो सरह (रा.प.अनं.तृतीय) र श्रेणी विहिन कर्मचारीहरुलाई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, समान श्रेणीमा समूहिकृत गर्न परामर्श प्रदान गर्ने गरी मिति २०७२।१२।२४ मा निर्णय भएको ।

- मिति २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानले संघीय सरकारी सेवा, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल लगायत संगठित संस्थाको लिखित परीक्षा लोक सेवा आयोगबाट नै लिने गरी विस्तार गरेको आयोगको भूमिका तथा कार्यक्षेत्र अनुसारका काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न लोक सेवा आयोग ऐन, २०६६ लाई खारेज गरी लोक सेवा आयोग ऐन, २०७२ को विधेयकको मस्यौदा तर्जुमा सहमतिका लागि आवश्यक प्रक्रिया अघि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरी मिति २०७२।१२।११ मा निर्णय भएको ।

- लोक सेवा आयोगबाट राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) सहसचिव वा सो सरह पदहरुको लिखित परीक्षाका उत्तरपुस्तिका परीक्षण कार्यमा अझ बढी निष्पक्षता तथा विश्वसनियता कायम गर्न उमेदवारहरुको प्रथम र द्वितीय पत्र दुवै विषयका उत्तर पुस्तिकाहरु फरक फरक विज्ञबाट दोहोरो परीक्षण गराउन मिति २०७२।९।६ र अप्राविधिक सेवा, राजपत्रांकित द्वितीय श्रेणी, (अप्राविधिक) उपसचिव वा सो सरह पदहरुको लिखित परीक्षाका उत्तरपुस्तिकाहरु दोहोरो परीक्षण गराउने गरी मिति २०७२।१२।११ मा निर्णय भएको ।

- नेपालको संविधानको धारा २४३ बमोजिम लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार लोक सेवा आयोग ऐन, २०६६ लाई प्रतिस्थापन गर्नको लागि विज्ञद्वारा तयार गरिएको र कार्यदलबाट परिमार्जन गरी आयोगको निर्णयानुसार लोक सेवा आयोग ऐन २०७२ विधेयकको रुपमा अगाडि बढि सकेको तथा सोही मुताविक संगठित संस्था तथा अन्य निकायहरुको कर्मचारीको सेवा, शर्त र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त बनि आयोगको निर्णयानुसार विज्ञद्वारा तयारीको अवस्थामा रहेकोमा प्रस्तावित लोक सेवा आयोग (विधेयक) ऐन, २०७२ को अनुकुल लोक सेवा आयोग नियमावली र लोक सेवा आयोग (कार्यसचालन) निर्देशिका तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएकोले अनुसार विज्ञको पनि सेवा लिने गरी आयोगका सचिवज्यूको संयोजकत्वमा ८ सदस्यीय कार्यदल गठन गर्ने गरी मिति २०७२।१२।११ मा निर्णय भएको ।

- आयोगको परीक्षाहरुमा डोल्पा तथा हुम्ला जिल्लाको सदरमुकाममा परीक्षा केन्द्र राख्ने गरी मिति २०७२।१२।२२ मा देहाय बमोजिम निर्णय भएको ।

  १. लोक सेवा आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय सुर्खेतबाट विज्ञापन हुने रा.प.अनं. प्रथम श्रेणी ना.सु. वा सो सरह संयुक्त र एकीकृत अप्राविधिक पदको र कर्णाली अञ्चल कार्यालय जुम्लाबाट विज्ञापन हुने रा.प.अनं.द्वितीय श्रेणी खरिदार वा सो सरह संयुक्त र एकीकृत अप्राविधिक पदको परीक्षा केन्द्र डोल्पा र हुम्ला जिल्लाको जिल्ला सदरमुकाममा समेत राख्ने ।

  २. पुर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाबाट विज्ञापन हुने रा.प.अनं. प्रथम श्रेणी ना.सु. वा सो सरह संयुक्त र एकीकृत अप्राविधिक पदको र सगरमाथा अञ्चल कार्यालय दिक्तेल, खोटाङबाट विज्ञापन हुने रा.प.अनं. द्वितीय श्रेणी खरिदार वा सो सरह संयुक्त र एकीकृत अप्राविधिक पदको परीक्षा केन्द्र सिरहा जिल्लाको लाहानमा समेत राख्ने ।

- **आयोगबाट विभिन्न मितिमा देहाय बमोजिमका सेवा, समूह र पदहरुको पाठ्यक्रम स्वीकृत भएको**

- **आयोगबाट विभिन्न मितिमा देहाय बमोजिमका सेवा, समूह र पदहरुको पाठ्यक्रम स्वीकृत भएको**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | निर्देशक/प्रमुख स्वास्थ्य प्रशासक (खुला र आ.प्र.) | एघारौं | स्वास्थ्य | एकीकृत चिकित्सा | २०७२/१०/१५ | २०७२/१०/१५ |
| २ | उपस्वास्थ्य प्रशासक/प्रमुख जिल्ला स्वास्थ्य प्रशासक (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | एकीकृत चिकित्सा | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ३ | कन्सल्टेण्ट अर्थोडोण्टिष्ट (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | डेण्टिष्ट्री/अर्थोडोण्टिष्ट | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ४ | कन्सल्टेण्ट ओरल सर्जन (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | डेण्टिष्ट्री/ओरल-सर्जरी | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ५ | कन्सल्टेण्ट इण्डोडोण्टिष्ट (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | डेण्टिष्ट्री/इण्डोडोण्टिष्ट | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ६ | कन्सल्टेण्ट पेरियोडोण्टिष्ट (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | डेण्टिष्ट्री/पेरियोडोण्टिष्ट | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ७ | कन्सल्टेण्ट प्रोस्थोडोण्टिष्ट (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | डेण्टिष्ट्री/प्रोस्थोडोण्टिष्ट | २०७२/१०/१५ | २०७२/१०/१५ |
| ८ | कम्युनिटी नर्सिङ्ग प्रशासक (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | कम्युनिटी नर्सिङ्ग (प.हे.न.) | २०७२/११/१७ | २०७२/११/१७ |
| ९ | सिनियर मेकानिक्स र सिनियर अपरेटर (खुला र आ.प्र.) | रा.प.अनं. प्रथम | इञ्जिनियरिङ्ग | मेकानिकल, निर्माण उपकरण संभार | २०७२/११/१७ | २०७२/११/१७ |
| १० | कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूति चिकित्सक (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | आयुर्वेद/स्त्री तथा प्रसूति र कौमारभृत्य | २०७२/१२/४ | २०७२/१२/४ |
| ११ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट (खुला र आ.प्र.) | नवौं | स्वास्थ्य | प्याथोलोजी/ माइक्रोबायोलोजी (ब्याक्ट्रियोलोजी) | २०७२/१२/१४ | २०७२/१२/१४ |

**आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापनारुअनिवार्य अवकाश सम्बन्धी विवरण**

**(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | सचिव | श्री श्रीधर सापकोटा | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१०/८ | २०७२/१०/११ |
| २ | सचिव | श्री माधव प्रसाद रेग्मी | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/११/१७ | २०७२/११/२१ |
| ३ | सहसचिव | श्री प्रेमप्रसाद पौडेल | सामान्य प्रशासन मन्त्रालय | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | २०७२/११/१६ | २०७२/११/१८ |
| ४ | सहसचिव | श्री लक्ष्मी विलास कोइराला | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१०/२८ | २०७२/११/६ |
| ५ | उपसचिव (कानुन) | श्री टंकबहादुर महत | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१०/२९ | २०७२/१०/२९ |
| ६ | शाखा अधिकृत (कानुन) | श्री कृष्णप्रसाद नेपाल | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/१०/२९ | २०७२/११/२० |
| ७ | ना.सु. | श्री इन्द्रप्रसाद भट्टराई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/११/२३ | २०७२/१२/१० |
| ८ | क.अ. | श्री मनिषकुमार तिमल्सिना | सामान्य प्रशासन मन्त्रालय | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर | २०७२/११/२७ | २०७२/१२/१० |

**(ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|---|
| १ | निर्देशक | श्री टामलाल पाण्डे | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | २०७२/११/२९ | २०७२/११/२९ |

**(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएको निकाय | निर्णय मिति | रमाना मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सचिव | श्री श्रीधर सापकोटा | आपूर्ति मन्त्रालय | २०७२/११/१७ | २०७२/११/२० | सरुवा |
| २ | सहसचिव (कानुन) | श्री राजीव गौतम | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७२/११/११ | २०७२/११/१७ | काज |
| ३ | शा.अ. | श्री दुर्गाप्रसाद पराजुली | सामान्य प्रशासन मन्त्रालय | २०७२/१२/५ | २०७२/१२/५ | पदोन्नती |
| ४ | कानुन अधिकृत | श्री रामप्रसाद लम्साल | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७२/१०/२९ | २०७२/१०/२९ | पदोन्नती |
| ५ | पुस्तकालय अधिकृत | श्री सन्तोषकुमार गुरुङ | शिक्षा मन्त्रालय | २०७२/१२/१० | २०७३/१/१ | पदोन्नती |

**(घ) अनिवार्य अवकाश**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | अवकाश मिति |
|---|---|---|---|
| १ | शा.अ. | श्री कृष्णबहादुर रन्जित | २०७२/१०/७ |
| २ | शा.अ. | श्री हरिनारायण वाग्ले | २०७२/११/२० |

## आयोगका पदाधिकारी, कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण/तालिम

| क्र.सं. | पद | नाम, थर | भ्रमण गरेको जिल्ला | अवधि | प्रयोजन |
|---|---|---|---|---|---|
| १. | मा. अध्यक्ष | श्री उमेशप्रसाद मैनाली | विराटनगर | २०७२/११/३० देखि १२/०६ गतेसम्म | पदपूर्तिको अवस्था, परीक्षा सञ्चालन लगायत कार्यालय निरीक्षण तथा छलफल |
| २. | मा. सदस्य | श्री बिन्द्रा हाडा भट्टराई | नेपालगञ्ज, धनगढी, महेन्द्रनगर | २०७२/११/९ देखि ११/१४ गतेसम्म | |
| ३. | मा. सदस्य | डा.गोविन्दप्रसाद कुसुम | रुपन्देही, दाङ, सुर्खेत | २०७२/११/२७ देखि १२/२ गतेसम्म | |
| ४. | मा. सदस्य | श्री श्रीपुरुष ढकाल | पोखरा, बाग्लुङ | २०७२/१२/१७ देखि १२/२१ गतेसम्म | |
| ५. | मा. सदस्य | श्री अशोककुमार झा | लाहान | २०७२/११/१६ देखि ११/२३ गतेसम्म | |
| | | | विरगञ्ज | २०७२/१२/१२ देखि १२/१३ गतेसम्म | |
| | | | धनकुटा | २०७२/१२/२६ देखि २०७३/१/४ गतेसम्म | |
| ६. | मा. सदस्य | श्री ब्रम्हदेव राय | हेटौंडा, जलेश्वर | २०७२/१०/७ देखि १०/१० गतेसम्म | |
| ७. | मा. सदस्य | श्री कृष्णचन्द्र झा | पोखरा | २०७२/९/२८ देखि १०/३ गतेसम्म | |
| | | | चितवन | २०७२/१०/४ देखि १०/६ गतेसम्म | |
| | | | लहान, सिरहा | २०७२/१०/१४ देखि १०/१७ गतेसम्म | |
| | | | भरतपुर, हेटौंडा | २०७२/११/११ देखि ११/१५ गतेसम्म | |
| | | | भरतपुर, लहान | २०७२/११/२१ देखि १२/५ गतेसम्म | |
| ८. | सचिव | श्री माधवप्रसाद रेग्मी | झापा, इलाम | २०७२/१२/२ देखि १२/७ गतेसम्म | |
| ९. | सहसचिव | श्री लक्ष्मीविलास कोइराला | विराटनगर, इलाम | २०७२/११/३० देखि १२/६ गतेसम्म | |

## भवन निर्माण सम्बन्धी प्रगति विवरण

आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत, सुदुर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सुचारु रहेको र यसै आर्थिक वर्षको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको ।

**समवेदना**

- लोक सेवा आयोग, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका क्षेत्रीय निर्देशक श्री पूर्णमान श्रेष्ठकी ममतामयी माता बुद्धलक्ष्मी श्रेष्ठको मिति २०७२ साल माघ १० गते भएको दुःखद निधनप्रति ।

## आर्थिक वर्ष २०७२/७३ को तेस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७२ माघ देखि चैत्र मसान्तसम्म)

### १. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | ० | ० | ९२ | ६२७ | ७१९ | ९ | ११० | ११९ | २ | २१ | २३ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | १२ | ९५ | १०७ | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ० | ० | ० | ० | ११६९९ | २०००२ | ३१७०१ | ६५३ | ८३६ | १३९९ | ० | ० | ० | ० | ० | ० |
| राजपत्र अनंकित प्रथम | ० | ३३४२ | ६१६६६ | ३४८०७ | १७६७१ | २१५१३ | ३९१८४ | ४ | १६ | २० | १० | २४ | ३४ | ० | १ | १ |
| राजपत्र अनंकित द्वितीय | १२२३ | ४४५७ | ७५४६६ | ० | १५०९ | ३२५९ | ४७६८ | १०९९ | ११०० | २१९९ | ७१५ | ७०२ | १४१७ | ० | ० | ० |
| जम्मा | १२२३ | ७७९९ | १३७१३२ | ३४८०७ | ३०९७१ | ४५४०१ | ७६३७२ | १७७७ | २१५७ | ३८४४ | ७२७ | ७४७ | १४७४ | ० | १ | १ |

### २. विभागीय सजायको परामर्श सम्बन्धी विवरण

| श्रेणीखख | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | ० |
| राजपत्रांकित द्वितीय | ९ |
| राजपत्रांकित तृतीय | ३६ |
| राजपत्र अनंकित प्रथम | १४ |
| राजपत्र अनंकित द्वितीय | ३ |
| श्रेणी विहीन | ३ |
| जम्मा | ६५ |

### ३. कूल बजेट खर्च रकम

| क्र.सं. | खर्च शीर्षक |
|---|---|
| १ | चालु खर्च |
| २ | पूँजीगत खर्च |
| | जम्मा |

## अन्तर्वार्ता:

**अन्तर्वार्ता: आयोगका सचिव श्री माधवप्रसाद रेग्मी र आयोगका पूर्वसविच श्री विष्णुप्रसाद लम्सालसँग लोक सेवा आयोग र यसका कार्यप्रक्रिया सम्बन्धमा लिइएको अन्तर्वार्ता:**

*श्री माधवप्रसाद रेग्मी*

१. **लोक सेवा आयोगलाई नयाँ संविधानले कार्यक्षेत्रमा बढोत्तरी गरी रहेको परिप्रेक्ष्यमा यहाँले सचिवको जिम्मेवारी प्राप्त गर्नुभएकोमा बधाई छ । आयोगमा विगतका वर्षमा पनि अधिकृत पदमा रही यहाँले अनुभव गरिसकेको सन्दर्भमा विगत र वर्तमानको कार्य पद्दती के कस्ता अन्तर महशुस गर्नु भएको छ ? कृपया उल्लेख गरिदिनुहोला ।**

☞ नेपाली जनताको एकमात्र आस्था, भरोसा र निष्पक्षताको प्रतिकको रुपमा लोक सेवा आयोगको पहिचान रहेको छ । सार्वजनिक प्रशासनलाई प्रभावकारी र नतिजामूलक बनाउने कार्यमा योग्यता प्रणालीद्धारा उपयुक्त उम्मेदवारहरुको छनौट गर्ने कार्य लोक सेवा आयोगको हो ।

लोक सेवा आयोगको लामो इतिहासले खारिएको कार्यपद्धति र मूल्य मान्यताको निरन्तरताले आयोगको गरिमालाई सदैव उच्च राखेको छ । जहाँसम्म मेरो विगतको अनुभव र वर्तमानको कार्यपद्धतिको प्रश्न छ त्यसमा आयोगको कार्य प्रणालीको आधुनिकीकरण, नवीन विधाका जनशक्ति प्राप्ति, आयोगको कार्य प्रकृति अनुसार वहुविधागत पदाधिकारीहरुको नियुक्ति र अन्य स्थापित मूल्य मान्यता तथा आयोगप्रतिको दृष्टिकोणलाई सदैव वचाउनु महत्वपूर्ण रहेको छ ।

लोक सेवा आयोगको कार्यप्रणालीलाई सरल, प्रभावकारी मितव्ययी र थप विश्वसनिय वनाउने सन्दर्भमा अनलाईन दरखास्त प्रणालीको कार्यान्वयन, उत्तरपुस्तिका परीक्षण विधि र तरिका, जनता/सेवाग्राहीको समिपमा आयोगलाई लैजाने सन्दर्भमा भएका पछिल्ला प्रयासहरु र

परीक्षण प्रविधिलाई थप वैज्ञानिक वनाउने सिलसिलामा भएका र शुरु गर्न लागिएका कार्यहरु, पाठ्यक्रमलाई समसामयिक वनाउने जस्ता कार्यहरुलाई सुधार गर्ने प्रयास भएको पाँए । यो समग्र शासकीय प्रणालीको लागि सुधारको एउटा आयाम हो । म आयोगमा २०४४ कार्त्तिकमा शाखा अधिकृतमा प्रवेश गरी सहायक सचिव र उपसचिव हुदै २०५१ सालमा गृह मन्त्रालय गएको हुँ । सो अवधिमा मैले आयोगमा संस्थान सुपरीवेक्षण शाखा, परीक्षा संचालन शाखा, नीति नियम शाखा र आयोगको सगरमाथा अंचल कार्यालयको कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेको थिएँ । हाल २१ वर्ष पछि पुनः आयोगमा आई सेवारत रहने मौका पाएँ । आयोगको कामलाई गोप्य, निष्पक्ष, स्वतन्त्र, विश्वसनिय बनाउन अपनाईएका पद्धतिमा राजपत्र अनंकित तहदेखि सचिव भै अवकाश हुनु भएका स्व. भूवनमान सिंह प्रधानको नाम म यस अवसरमा उल्लेख गर्न चाहन्छु । त्यसपछि पनि यसमा सुधार हुँदै आएर हालको आयोगले एक वर्ष भित्रमा गरेका काम अत्यन्त दुरगामी महत्वका रहेका मैले पाएको छु । सुधारको यो श्रृखलामा यहाँ रहँदा आफ्नो पूर्व अनुभव समेतबाट थप योगदान पुऱ्याउने मेरो सोच रहेको छ ।

२. **नयाँ संविधानले आयोगको कार्यक्षेत्र व्यापक रुपमा बढाईरहेको अवस्थामा आयोगलाई गुणात्मक रुपले अघि बढाउन के कस्ता कार्यनीतिहरु लिएर बढ्न आवश्यक देखिन्छ ? बताईदिनुहोस् ।**

☞ नेपालको संविधानमा लोक सेवा आयोगको कार्यक्रम विगतको तुलनामा वढेको छ । अन्य कुराका अतिरिक्त हाल सुरक्षा निकाय र सार्वजनिक संस्थानको पनि जिम्मेवारी वढेको छ । आयोगको हालसम्मको इतिहास, आयोग प्रतिको सम्पूर्ण नागरिकको विश्वास र अन्य सार्वजनिक क्षेत्रको भर्ना छनौट प्रणालीमा देखिएका विकृत्ति र विसंगतिहरुको अन्त गर्ने उद्देश्यले जननिर्वाचित पदाधिकारीहरुले आयोगलाई विश्वास गरि थप जिम्मेवारी दिनु आफैंमा खुशीको विषय हो ।

यस अवस्थामा दिईएको जिम्मेवारीलाई आयोगका स्थापित मूल्य, मान्यता र कार्यपद्धतिमा आन्तरिकीकरण गरि सरल, सहज, पहुँचयोग्य, विश्वसनिय र नतिजामूलक बनाउने जिम्मेवारी र चुनौति पनि आयोग सामु छन् । तसर्थ यसलाई गुणात्मक रुपले अघि बढाउन निम्न कार्यनीतिहरु लिएर अघि बढ्नु पर्ने आवश्यकता मैले महशुस गरेको छु :

- आयोगको कार्यविश्लेषण गरी सो अनुसारको मानवस्रोत व्यवस्थापन गर्ने,
- कार्यस्थल, आयोगको स्थापित मूल्य मान्यता अनुरुपको कार्य सम्पादन गर्न योग्य जनशक्ति विकास, भौतिक पूर्वाधार, सूचना प्रविधिको प्रयोग गरि सेवालाई छिटो छरितो मितव्ययी र अनुमानयोग्य वनाउने,
- विशेष गरी परीक्षा दस्तुर पनि अनलाईन दरखास्त पेश गरे जस्तो कुनै प्रविधिबाट बुझाउन सकिने व्यवस्था गर्ने ।
- सवै क्षेत्रका विज्ञहरुको Roster तयार गरी आवश्यकता अनुसार उपयोग गर्ने,
- जनशक्ति तथा सचिवालयको क्षमता अभिवृद्धि गर्ने,
- आयोगका पदाधिकारीहरुको सहयोग, सल्लाह सुझाव र अन्य निकायहरुसँगको समन्वयलाई निरन्तरता र अभिवृद्धि गर्ने,
- कार्यक्षेत्र थप भएका निकायहरुको कर्मचारी विनियमावली आयोगको निर्देशिका अनुरुप Compatible बनाई Calendar अनुसार विज्ञापन गर्ने पद्धतिको शुरुवात गर्ने,
- स्थानीय निकायको पदपूर्ति पनि Calendar वनाई एकै पटक गर्ने व्यवस्था गर्ने,
- सार्वजनिक निकायलाई उनीहरुको भूमिकाको आधारमा वर्गिकरण गरी सो अनुरुप तह वा श्रेणीमा लगी वार्षिक रुपमा एकै पटक पदपूर्ति गर्ने गरी कार्य गर्ने ।
- बढेको भूमिका अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी महाशाखा र शाखा विस्तार गर्ने ।
- आयोगबाट विभिन्न निकायहरुमा प्रतिनिधित्व गर्ने कर्मचारीहरुको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने ।
- आयोगको सम्रग/Oversee प्रणालीको संयन्त्र विकास गर्ने ।

३. **आयोगको पवित्रतालाई अक्षुष्ण राख्दै समयानुकुल परिवर्तन गर्नका लागि आयोगको सामु के कस्ता चुनौतिहरु रहेको महशुस गर्नुभएको छ ?**

☞ आयोगको पवित्रता, निश्पक्षता र साखलाई निरन्तरता दिँदै थप उचाईमा लैजान हाम्रो सामु प्रशस्त चुनौति मैले महशुस गरेको छु । संघीय प्रणाली अनुरुप प्रदेश लोक सेवा आयोगको कार्य प्रणाली व्यवस्थित गर्ने, आयोगका पदाधिकारीहरुको नियुक्ति प्रकृया र पृष्ठभूमिको विषय,नेपालको संविधानले व्यवस्था गरेका संगठित संस्थाहरु,स्थानीय स्वायत्त शासन ऐन,२०५५ अनुसार स्थानीय निकायको कर्मचारी छनौटको सन्दर्भमा आयोगले गर्नुपर्ने कामकारवाहीमा कही कतैबाट आयोग र यसको संयन्त्रमा प्रश्न चिन्ह उठ्न नदिने वातावरण बनाउनु प्रमुख चुनौति रहेको छ । साथै हामीले अवलम्बन गरेको अनलाईन दरखास्त प्रणालीको साथै बैंकिङ्ग प्रणालीबाट राजस्व बुझाउने, उत्तरपुस्तिका परीक्षणको लागि अवलम्बन गरिएको पद्धतिमा निर्धारित समयमा नतिजा प्रकाशन र सिफारिस गर्ने, परीक्षण प्रविधिलाई समयानुकुल सुधार र परिष्कृत गर्दै लैजाने, आयोगको आवश्यकता र प्रविधिमैत्री जनशक्ति भित्र्याउने, विकास गर्ने, Retain गर्ने समेत कार्य गर्दै थप सवलीकरण गर्ने चुनौतीहरु मुख्य रुपमा आयोग सामु

छन् ।

**४. आयोगको व्यवस्थापकीय पक्षलाई चुस्त दुरुस्त गर्दै अगाडि बढ्नको लागि आयोगको भावि कार्य दिशाका सम्बन्धमा प्रकाश पारिदिनुहोस् ।**

☞ आयोगको व्यवस्थापकिय पक्षलाई चुस्त दुरुस्त राख्दै अगाडी बढ्ने सन्दर्भमा आयोगले धेरै नवीन र सृजनात्मक कार्यहरुको तयारी गरिरहेको छ। पहिलो नेपालको संविधान अनुरुपको जिम्मेवारी निर्वाहको लागि नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अन्तिम चरणमा छ । यो कार्य पूरा भएपछि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल, संगठित संस्थाहरुको लिखित परीक्षा संचालनसम्मको सम्पूर्ण कार्य आयोगले गर्नेछ । दोस्रो आयोगको भावी गन्तव्य के हो त भन्ने सम्बन्धमा रणनीतिक योजना तयारीको कार्य भईरहेको छ । संघीय संरचना अनुरुप संघीय लोक सेवा आयोग ऐनको मस्यौदा तयार भएको छ । साथै सो अनुसार आवश्यक भौतिक पूर्वाधारको लागि लामो समयसम्म आयोगको केन्द्रीय कार्यालय रहेको कमलपोखरी स्थित जग्गामा कार्यालय भवन वनाउनको लागि नक्शा तयारीको कार्य अन्तिम चरणमा छ ।

आयोगको छनौट प्रणालीलाई थप वैज्ञानिक र समसामयिक वनाउन पाठ् यक्रमहरु संशोधन गर्ने, Assessment Center Methodology (ACM) प्रणालीको अवलम्बनको लागि अभ्यास भइरहेको, दक्ष विज्ञहरुको रोष्टर अद्यावधिक गर्ने र परीक्षण कार्यलाई थप बस्तुगत वनाउने क्षेत्रमा आयोगको ध्यान पुगेको छ । साथै प्रशासनिक क्षेत्रमा लामो अनुभवले खारिनुभएका आयोगका पदाधिकारीज्यूहरुको अग्रसरता र सृजनात्मकताले हाम्रो भावी कार्यदिशालाई थप उर्जा मिलेको छ ।

**५. संघीयतामा मुलुक प्रवेश गरिरहेको अवस्थामा नेपालको संविधानमा संघीय र प्रादेशिक लोक सेवाको व्यवस्था रहेको र लोक सेवा आयोगको पनि संगठनात्मक रुपान्तरण हुनुपर्ने अवस्था रहेको छ । उपरोक्तानुसारको संगठनात्मक रुपान्तरणका लागि के कस्ता प्रक्रियाहरु अगाडि बढेका छन् ? प्रकाश पारिदिनुहोस् ।**

☞नेपालको संविधानमा संघीय र प्रदेशिक लोक सेवा आयोग रहने व्यवस्था रहेको छ । यस सन्दर्भमा लोक सेवा आयोगको वर्तमान संरचनामा स्वभाविक रुपमा परिवर्तन हुन्छ । संघीय लोक सेवा आयोगको भूमिका र जिम्मेवारी संविधानले नै स्पष्ट गरेको छ । प्रादेशिक लोक सेवा आयोगको हकमा संघीय संसदले कानून बनाउँदा संघीय लोक सेवा आयोगले अवलम्बन गरेको आधार र मापदण्डलाई नै अगाल्नुपर्ने विषय सुनिश्चित गरेको छ ।

तदनुरुप संघीय लोक सेवा आयोगको ऐनको मस्यौदा तयार भई अग्रिम कारवाहीको लागि प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफलको क्रममा छ । संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य करिव करिव अन्तिम चरणमा छ । संगठित संस्थाहरुको लिखित परीक्षासम्मको कार्यमा आयोगले पूर्णरुपमा अपनत्व लिएको अवस्था छ । साथै संगठन संरचना अन्तर्गत प्रत्येक प्रदेशमा संघीय लोक सेवा आयोगको प्रदेश निर्देशनालयको अवधारणा छलफलमा ल्याइएको छ । यस सम्बन्धमा व्यवस्थापिका संसदको राज्य व्यवस्था समिति, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र सरोकारवाला निकायहरुसँग छलफल र अन्तरक्रिया भइरहेका छन् ।

जहाँसम्म प्रदेश लोक सेवा आयोगको विषय छ, आयोगले ऐनको सामान्य ढाँचा तयार गरेको छ । सातवटै प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र स्थानीय कर्मचारीको भर्ना छनौट प्रणालीमा प्रदेशको सहयोगी भूमिका रहनु उपयुक्त देखिन्छ । यो राजनीतिक तहबाट नै अन्तिम टुंगोमा पुग्नुपर्ने विषय हो ।

**६. आयोगको कार्य प्रणाली तथा कार्यक्षेत्र लगायतका विषयमा अन्य केही प्रासंगिक विषयहरु भएमा दर्शाइदिनुहोला ।**

☞ आयोगको कार्यप्रणालीको सन्दर्भमा कुरा गर्दा कार्य प्रणाली नेपालको समग्र शासकिय प्रणालीकै उत्कृष्ट नमूनाको रुपमा स्वीकार गरिएको विषय हो । विश्वका विकसित देशहरुमा अवलम्बन गरिएको भन्दा नवीन प्रयोगहरु हाम्रोमा भएका छन् यसमा हामीले गर्व गर्नुपर्दछ ।

विश्व परिवेशमा भएका नवीनतम प्रविधि र विकासलाई हामीले पनि आत्मसात गर्दै गएका छौं । अनलाईन मार्फत उम्मेदवारहरुको परीक्षा आवेदन लिने हाम्रो परियोजनालाई सफल भएको भनेर एशियाली विकास बैंकले समेत पुरस्कृत गरेको छ । प्रारम्भिक चरणमा केहि समस्याहरु देखिन सक्छन् । यिनलाई निरन्तररुपमा न्यूनीकरण गर्न योग्य जनशक्तिको विकास र व्यवस्थापन, बैंकिङ्ग प्रणालीबाट दरखास्त दस्तुर बुझाउने व्यवस्था र परीक्षार्थीको वास्तविक Attitude र Aptitude समेत परीक्षण गर्न सक्ने परीक्षण प्रविधी अवलम्वन गरी उमेदवार छनौट गरी प्रभावकारी सेवा प्रवाह तथा विकास व्यवस्थापन गर्न योग्य जनशक्तिको आवश्यकता पूर्ति गर्नुपर्ने अवस्था छ ।

साथै आयोगका परिक्षाहरु संचालनका लागि आफ्नै परीक्षा भवन निर्माण गर्नुपर्ने, भौतिक पूर्वाधार, सवारी साधनहरु, मानवस्रोत विकास गर्ने र कर्मचारी छनौट तथा संघियतामा आयोगका कामकारवाहीहरु व्यवस्थापन गर्ने सम्बन्धमा अन्य देशको अनुभव आदानप्रदान गर्ने अवसरको खोजी गर्नु जरुरी छ । साथै आयोगको काम कारवाहीमा योग्यतम र उम्दा देखिएका प्रतिभावान व्यक्तिहरुको निरन्तरता र उनीहरुलाई थप उत्प्रेरित बनाउने कार्यमा आयोग सदैव सचेत र प्रयत्नशील छ ।

अर्कोतर्फ संविधानले आयोगको कार्यक्षेत्रको विस्तृतीकरण गरेको छ । यो गहन जिम्मेवारीलाई आत्मसात गरी आयोगका स्थापित मूल्य मान्यताहरुलाई निरन्तरता दिँदै थप भएको जिम्मेवारी पूरा गर्नुपर्ने चुनौती र अवसर दुवै हामीलाई प्राप्त भएको छ । आयोगका सम्पूर्ण पदाधिकारीहरु र सचिवालयमा कार्यरत कर्मचारीहरुको प्रतिवद्धता र सहयोग नै यस प्रकारको जिम्मेवारी वहन गर्ने र चुनौतीको सामना गरी अवसरको रुपमा परिवर्तन गर्ने आधार हुन् भन्ने लाग्दछ ।

## आयोगका पूर्वसचिव श्री विष्णुप्रसाद लम्साल

*श्री विष्णुप्रसाद लम्साल*

१. **लोकसेवा आयोगमा यहाँले करिव डेढ वर्ष सचिवको भूमीका सफलतापूर्वक निर्वाह गर्नु भएकोमा बधाई छ। यहाँको कार्यकालमा लोक सेवा आयोगमा भएका महत्वपूर्ण नविन कार्यहरुको बारेमा संक्षेपमा उल्लेख गरिदिनुहोस्।**

☞ लोकसेवा आयोग एउटा निश्चित पद्धतिभित्र अविचलित रुपमा काम गर्ने संस्था हो, यसका प्रत्येक कार्यहरु पद्धति भित्र बाँधिएका छन् । आफ्नो कार्यकालमा नयाँ कामहरु गर्ने भन्दा पनि भएका कामहरुलाई बढी पद्धतिसंगत बनाउने र सुदृढिकरण गर्ने कामहरुमा प्रयत्न गरेँ जस्तो लाग्छ। इतिहासमा नै प्रथम पटक लोक सेवा आयोग ऐनले तोकेको अवधिभित्र आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गरियो । आयोगको काम कारवाहीलाई प्रविधि-मैत्री बनाउने काममा ठूलो सफलता मिल्यो, आयोगको परीक्षा र लिखित परीक्षामा उत्तीर्ण भई अन्तर्वार्तामा सामेल भएका उमेदवारले आफूले प्राप्त गरेको कूल अंक हेर्न पाउने व्यवस्था गरियो । योग्यता प्रणालीको सुदृढीकरणका लागि आयोगले लिने लिखित परीक्षाका उत्तरपुस्तिकाहरु दोहोरो परीक्षण गर्ने र दक्ष वा विज्ञबाट आयोगकै कार्यालयमा उपस्थित भै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था पनि भयो । आयोगका परीक्षाहरु संचालन हुने केन्द्रहरु विकेन्द्रित गरियो । आयोगका परीक्षाहरुमा परीक्षार्थीहरुलाई सुविधा होस्, सबैको पहूँच सहज होस भन्ने उद्देश्यले धेरै मात्रामा दरखास्त पर्ने नायब सुब्बा तथा खरिदार स्तरका (अप्राविधिक) पहरुको लिखित परीक्षा डोल्पा र हुम्ला जस्ता जिल्लाहरुबाट समेत लिइयो । राजपत्र अनंकित पदहरुमा पर्ने दरखास्तको संख्यात्मक वृद्धि सँगै यी पदहरुमा समेत प्रारम्भिक परीक्षाहरु लिने काम सुरु गरियो । शाखा अधिकृत पदको प्रारम्भिक परीक्षा अञ्चल कार्यालयहरुमा सञ्चालन गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरियो । ठूलो संख्यामा विभिन्न पदहरुको नयाँ पाठ्यक्रम निर्माण गरिनुका साथै समयसापेक्ष बनाउनका लागि केही पदका पाठ् यक्रम परिमार्जनका कामहरु भए । उच्च पदहरुको परीक्षा पद्धति र परीक्षण प्रविधिलाई अझ वैज्ञानिक बनाउन Assessment Center Methodology मा लैजाने सन्दर्भमा थुप्रै प्रारम्भिक कामहरु समेत सम्पन्न भएका छन् । आन्तरिक व्यवस्थापन र सुदृढिकरण, कर्मचारी उत्प्रेरणाका लागि धेरै कामहरु भए । संविधानप्रदत्त नयाँ जिम्मेवारी संगठित संस्थाहरुको रिक्त पदपूर्तिका क्रममा आयोगबाट प्रतिनिधित्व गर्दा अपनाउनुपर्ने प्रारम्भिक मापदण्ड तय गरी कार्यान्वयन गरिएको छ । मेरो कार्यकालमा गरिएका यी सबै कामहरु आयोगका माननीय अध्यक्ष र माननीय सदस्यहरुको अग्रसरता र सक्रियतामा भएका हुन् । आयोगका पदाधिकारीहरुको आयोगलाई अझ बढी निष्पक्ष, भरपर्दो र मर्यादित बनाउने काममा निरन्तरको चिन्ता र सक्रियताबाट यी कामहरु सम्पन्न हुन सकेका हुन् ।

२. **यहाँको कार्यकालमा पहल सुरु गरी पूर्ण हुन बाँकी रहेको कार्यहरु केहि छन् कि ? तिनलाई कसरी व्यवस्थित गर्न उपयुक्त होला ? कृपया सुझाव दिनुहोला।**

☞ नेपालको संविधानले आयोगलाई थपेको जिम्मेवारीहरु पुरा गर्न ऐन, नियम र निर्देशिका तर्जुमा गर्ने, सुरक्षा निकाय एवं संगठित संस्थाहरुको पदपूर्तिका क्रममा अपनाउनुपर्ने सामान्य सिद्धान्तहरु तय गर्ने जस्ता कार्यहरु पूरा गर्नुपर्ने अवस्था छ । थप जिम्मेवारी पूरा गर्न सक्ने संगठनात्मक संरचना निर्माणको कामलाई छिट्टै पूरा गर्नुपर्ने छ । अनलाइन दरखास्त लिने क्रममा दरखास्त दस्तुर लिने कामलाई व्यवस्थित गर्न बाँकी छ, यो पनि छिट्टै गर्नुपर्ने काम हो । निजामती सेवाको उच्च तहमा लागू गर्ने गरी तयारी शुरु भएको Assessment Center Methodology को काम ज्यादै जटिल र ठूलो लागत लाग्ने काम हो, यसलाई उच्च प्राथमिकतामा राख्त जरुरी छ र यसका लागि आवश्यक पर्ने स्रोत नेपाल सरकारबाट सहज रुपमा प्राप्त हुनुपर्दछ । आयोगको भौतिक पूर्वाधारको सुधार अत्यन्त जरुरी भै सकेको छ । त्यसैगरी प्रान्तीय लोक सेवा आयोग सम्बन्धी मार्गदर्शन ऐन तर्जुमाको कामलाई प्राथमिकता साथ पूरा गर्न पर्ने अवस्था छ । यी मध्ये धेरै कामहरु अगाडि बढेका छन् आयोगको नेतृत्वको प्रतिवद्धता र लगनशिलताको यी कामहरुले छिट्टै पूर्णता पाउने अपेक्षा गर्न सकिन्छ।

३. **लोकसेवा आयोगमा रहँदा यहाँले आयोग समक्ष के कस्ता समस्या तथा चुनौतीको महशुस गर्नुभयो ? तिनलाई कसरी न्यूनीकरण गर्न सकिएला ? बताईदिनुहोस्।**

☞ आवश्यक योग्यता पुगेका हरेक नागरिकले विना भेदभाव परीक्षामा सामेल हुन पाउने नागरिकको हक संरक्षण गर्ने र क्षमता प्रणाली, निष्पक्षता र स्वच्छताका आधारमा परीक्षा संचालन गरी सिफारिश गर्ने एकमात्र संवैधानिक अंगको रुपमा लोक सेवा आयोगको अत्यन्त उच्च स्थान छ । लोक सेवा आयोग सामू निर्भिक, स्पष्ट र

विवेकी परामर्शदाताको भूमिका निर्वाह गर्ने काममा केही चुनौतीहरु छन् । सरकारी निकायको प्रशासकीय व्यवहारलाई लोकतान्त्रिक मूल्य अनुरुप बनाउन सकिएको छैन, कुनै पनि प्रशासक अप्रिय हुने निर्णय गर्न नसक्ने अवस्थामा छन्, प्रशासनमा आस र त्रासको भावना निर्माण गर्न सकिएको छैन । आयोग नेपाली प्रशासनको संरक्षक रुपमा प्रभावकारी बन्न सकेको छैन । आयोग कतिपय विषयमा परामर्शदायी संस्थाको रुपमा भूमिका निर्वाह गर्ने निकाय हो तर त्यस्ता परामर्शहरु सरकारका मन्त्रालय र निकायहरुले कार्यान्वयन नगरिदिँदा पनि कुनै उपचारको व्यवस्था छैन । नेपाली प्रशासनमा भैरहेको राजनीतिकरणलाई रोक्न सक्ने संवैधानिक र कानूनी अधिकार समेत नहुनु पनि आयोगको चुनौती हो । आयोगले गर्ने सरकारी निकायहरुको निरीक्षण पनि प्रभावकारी हुन सकेको अवस्था छैन । आयोगको सामू रहेका चुनौतीहरुलाई न्यूनीकरण गर्न वा निराकरण गर्न लोक सेवा आयोगलाई मूल रुपमा तीनवटा कुरामा ध्यान दिन जरुरी देख्छु । पहिलो, संवैधानिक र कानूनी सुधार गरी नेपाल सरकार र प्रशासकीय अधिकारीलाई निर्देशनात्मक आदेश लिन सक्ने बनाउनु पर्छ । दोस्रो, निजामती सेवा संचालन सम्बन्धी कानून, नीति र नियम निर्माणमा आयोगको नेतृत्वदायी भूमिका सुनिश्चित गरिनुपर्छ र तेस्रो आयोगलाई स्रोत साधनद्वारा सम्पन्न बनाइनुपर्छ । अर्को अत्यन्त महत्वपूर्ण तर खासै ध्यान नदिइएको विषय आयोगका कर्मचारीहरुको क्षमता विकासका अवसरहरु सृजना र विकास गर्ने काम हो । बढ्दो कार्यभार वहन गर्नका लागि यो अति आवश्यक पक्षको रुपमा रहेको छ ।

४. **नेपालको संविधानले आयोगको कार्यक्षेत्रमा व्यापक वृद्धि गरिरहेको सन्दर्भमा लोकसेवा आयोगको व्यवस्थापकीय र कार्य प्रणालीमा सुधार गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सान्दर्भिक हुने देख्नुहुन्छ ? आफ्नो विचार उल्लेख गरिदिनुहोस् ।**

☞ निजामती सेवाको मात्र भर्ना, छनौट र परामर्शको काम गरिरहेको आयोगलाई मुलुकको सार्वभौमसत्ता सम्पन्न जनताले बढी नै विश्वास गरी नयाँ संविधानमा कार्यक्षेत्रको बढोत्तरी भएको छ । नयाँ कार्यक्षेत्र अत्यन्त व्यापक भएकोले आयोगसामु ठूलो चुनौती पनि छ । आयोगको व्यवस्थापकीय पक्ष र कार्यप्रणालीमा सुधारका कामहरु हुँदै आएको सन्दर्भमा मूलतः केही पक्षमा बढी ध्यान दिन आवश्यक देखिन्छ जस्तोः थप भएको जिम्मेवारी अनुसार कानूनी आधार, संगनात्मक संरचना निर्माण र स्रोत साधनको पर्याप्त व्यवस्था पहिलो शर्त हो । अबको आयोगको ध्यान मूलतः थप केही विषयहरुमा जानु जरुरी छ :

- पाठ्यक्रमलाई प्राज्ञिक होइन कामसँग सम्बन्धित बनाउने गरी निरन्तर सुधार गर्ने,
- परीक्षाको फाराम एक पटक भरेपछि सोही पदको परीक्षाको लागि पुनः फाराम भर्नु नपर्ने व्यवस्था गर्ने,
- परीक्षाको लागि तोकिएको पाठ्यक्रमको लागि सन्दर्भ सामग्री तोकिदिने व्यवस्था गर्ने,
- आधुनिक सूचना तथा संचार प्रविधिको प्रयोगलाई आयोगका काममा आन्तरिकीकरण गर्ने,
- आयोगले सूचीकरण गर्ने दक्ष/विज्ञको विवरणलाई प्रत्येक वर्ष अद्यावधिक गर्दै लैजाने,
- प्रारम्भिक परीक्षालाई लागत-मितव्ययी बनाउने, समावेशी सार्वजनिक सेवाका लागि परीक्षा केन्द्रहरु विस्तार गरी स्थानीय तहसम्म पुऱ्याउने,
- आयोगले अनुसन्धान र विकास (Research and Development) लाई निरन्तर प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने,
- आयोगको संगठनात्मक सुधार गर्ने र दक्ष जनशक्ति विकासमा विशेष रुपले कार्यक्रम अगाडि सार्ने ।

५. **भविष्यमा आयोगको साख अझै बढाउन तथा वर्तमान जिम्मेवारीलाई अझै सफलतापूर्वक कार्यान्वयन गर्न के कस्ता कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्था आवश्यक देख्नुहुन्छ ? स्पष्ट पारिदिनुहुन्छ कि ?**

☞ सार्वजनिक सेवाको पेशाविद् क्षमताको विकास गर्ने र मनोवल उठाउने क्षेत्रमा नै आयोग अग्रसर हुनु आवश्यक छ । मैले अघिल्ला प्रश्नहरुको उत्तर दिने क्रममा नै कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थाहरुका बारेमा उल्लेख गरी सकेको छु । ती कुराहरुलाई दृढतापूर्वक कार्यान्वयन गर्न आयोगका वर्तमान अध्यक्षज्यू र सदस्यज्यूहरु प्रतिवद्ध रहनु भएको पाएको छु । आयोगका पदाधिकारीहरु सो कार्यक्षेत्र र भूमिका पूरा गर्न अहोरात्र अग्रसर रहनु र पूर्ण प्रतिवद्ध देखिनु सौभाग्यको कुरा हो ।

६. **आयोगका विविध पक्षका विषयमा यहाँलाई लागेको थप केही विषयहरु भए दर्शाइदिनुहोस् ।**

☞ लोक सेवा आयोग जस्तै विभिन्न मुलुकका संस्थाहरुसँग सहकार्य गरेर अनुभव आदान-प्रदान गर्दै आयोगको कार्यप्रणालीलाई उन्नत बनाउन आवश्यक छ । अनुभव आदान-प्रदानका लागि पदाधिकारी र कर्मचारीहरुको अन्तर्राष्ट्रिय भ्रमण गरी थप क्षमता विकास गर्नमा सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छु । बढ्दो कार्यभार सँगसँगै आयोगका विशिष्ट कार्यपद्धति आयोगले अवलम्बन गरेका मूल्य, मान्यता, सिद्धान्तहरुलाई अविचलित राख्दै जनमानससामु आयोगको विशिष्टता र विश्वसनीयता अझ अभिवृद्धि गर्दै लैजानुको कुनै विकल्प छैन ।

आफूलाई लागेको कुराहरु व्यक्त गर्ने अवसर दिने भएकोमा समाचारपत्र सम्पादन प्रकाशन मण्डललाई धन्यवाद ज्ञापन गर्दछु ।

## सूचनामूलक लेख

# आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री हरिबहादुर खड्काले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१. **आयोगवाट सञ्चालन हुने परीक्षाहरुमा परीक्षार्थीहरु परीक्षा केन्द्रमा कति समय अगाडि पुग्नुपर्दछ र परीक्षा हलमा कति अवधि अगाडि प्रवेश गर्न पाइन्छ ?**

आयोगले परीक्षाको लागि रिक्त पदहरुको माग सम्बन्धी विज्ञापन प्रकाशन गर्दा परीक्षा मिति, समय आदि उल्लेख गरी सूचना प्रकाशन गर्ने गरेको छ । निर्धारित मिति र समयमा नै परीक्षा सञ्चालन हुने व्यहोरा विदितै छ । परीक्षा समयको कम्तिमा पनि १ घण्टा अगावै आयोगका कर्मचारीहरुले परीक्षा केन्द्र मध्येको परीक्षा भवनको मूल गेट (ढोका)मा सम्बन्धीत केन्द्रका उम्मेदवारहरुको नाम, समावेशी विवरण र परीक्षा दिनको लागि तोकिएको कक्षाकोठा नं. सहितको विवरण टाँस गर्ने गर्दछन् । त्यसैले परीक्षा केन्द्रमा कम्तीमा १ घण्टा अगावै पुगेको खण्डमा परीक्षा दिनको लागि आफ्नो तोकिएको स्थान पहिल्याउन सहज हुन्छ । कथमकदाचित सो स्थानमा आफ्नो परीक्षा केन्द्र नरहेको अवस्थामा पनि अर्को स्थानमा जानलाई पनि समय रहन्छ । परीक्षा हलमा प्रवेश गर्नको लागि सामान्यतया आधा घण्टा अगाडी प्रवेश घण्टी लाग्ने गर्दछ । यसरी हल प्रवेश गरेपछि आफ्नो कोठा खोजी विना हतारमा आफ्नो विवरणहरु उत्तरपुस्तिकाहरुमा भर्न, शान्त भई बस्न र परीक्षाको बारेमा सोच्न सजिलो हुने भएकोले कम्तीमा १ घण्टा अगाडी परीक्षा केन्द्रमा पुग्न उपयुक्त हुन्छ ।

२. **आयोगबाट संचालन हुने परीक्षा केन्द्रमा निर्धारित समय भन्दा कति समयपछिसम्म परीक्षा हलमा प्रवेश गर्न सकिन्छ र कति समयपछि परीक्षा हलबाट बाहिर जान सकिन्छ ?**

जुनसुकै परीक्षामा पनि परीक्षार्थीहरु निर्धारित समयमा नै प्रवेश गरी आफूलाई परीक्षा दिन तयार राख्नुपर्दछ । कथंकदाचित निर्धारित समयमा परीक्षा केन्द्रमा पुग्न नसकिएको खण्डमा आयोगबाट सञ्चालन हुने परीक्षाको हकमा निर्धारित समय भन्दा देहायनुरुप समयसम्म परीक्षा हलमा प्रवेश गर्न सकिन्छ :-

(क) विषयगत परीक्षा हुनेमा परीक्षा सुरु भएको तीस मिनेटसम्म

(ख) वस्तुगत परीक्षा हुनेमा परीक्षा सुरु भएको पन्ध्र मिनेटसम्म

(ख) विषयगत र वस्तुगत हुने परीक्षामा परीक्षा सुरु भएको बिस मिनेटसम्म

माथि उल्लेख भएको परीक्षा केन्द्रमा प्रवेश गर्ने अवधि व्यथित भएको दश मिनेटपछि मात्र परीक्षा छाडि जान चाहने परीक्षार्थीलाई परीक्षा भवन बाहिर जान अनुमति दिनुपर्छ ।

३. **आयोगको परीक्षा सञ्चालनमा के कति जनशक्ति खटाउने व्यवस्था रहेको छ ?**

आयोगबाट संचालन हुने परीक्षाहरुमा सामान्यतया दुई सयजना परीक्षार्थी भएमा एक परीक्षा केन्द्र कायम गरिन्छ । एउटै परीक्षा भवनमा यस्ता २-३ वटा केन्द्र पनि रहन सक्दछन् । प्रत्येक परीक्षा केन्द्रमा परीक्षा संचालनको लागि १ जना केन्द्राध्यक्ष निजको सहयोग र समन्वयको लागि १ जना उपकेन्द्राध्यक्ष, सबै प्रश्नको उत्तर एउटै उत्तरपुस्तिकामा दिनुपर्ने परीक्षामा सामान्यतया तीस जनासम्म उमेदवारहरुका लागि एकजना सहायक केन्द्राध्यक्ष तथा प्रश्नको अलग अलग उत्तरपुस्तिका रहने लिखित परीक्षाको लागि पच्चिस जनासम्म परीक्षार्थीका लागि एकजना सहायक केन्द्राध्यक्ष र १५ जना सम्म उमेदवारका लागि एकजना निरीक्षक, परीक्षा संचालनमा परीक्षार्थीलाई कोठा देखाउने, पिउने पानी उपलब्ध गराउने लगायतका कार्यहरु गर्नका लागि २ जना सहयोगी, परीक्षा व्यवस्थापनमा परीक्षा केन्द्र तथा केन्द्राध्यक्षसँग समन्वय गर्न समन्वयकर्ता १ र निजलाई सहयोग गर्न सहयोगी १ खटाईएको हुन्छ । परीक्षा सञ्चालन गर्ने केन्द्राध्यक्ष सम्बन्धित परीक्षा दिने श्रेणी/पद भन्दा १ तह माथिको अधिकृतस्तर हुनुपर्ने व्यवस्था रहेको र यस्ता कर्मचारीहरु खटाउँदा आयोगले सकेसम्म आयोगभित्रका कर्मचारीहरुबाट र आयोगका कर्मचारीहरुबाट नपुग भएको खण्डमा अन्यत्र निकायबाट पनि खटाउन सकिन्छ ।

परीक्षा केन्द्रमा सञ्चालित परीक्षाहरु के-कसरी सञ्चालन भएका छन् सो को व्यवस्थापकीय पक्षहरु, परीक्षा केन्द्रमा सहजता, असहजता लगायतका विषयमा सुपरिवेक्षण गर्ने प्रयोजनका लागि परीक्षा केन्द्र अनुसार एकजना सुपरिवेक्षक तोकिएको हुन्छ । त्यस्तैगरी परीक्षा व्यवस्थापनका लागि एकजना परीक्षा नियन्त्रक तोकिएको हुन्छ ।

४. **परीक्षामा खटिने उक्त पदाधिकारीका काम, कर्तव्य र अधिकार सम्बन्धमा के-कस्तो व्यवस्था रहेको छ ?**

आयोगको परीक्षामा खटिने सुपरीवेक्षकदेखि परीक्षा नियन्त्रक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता, निरीक्षक आदिको लागि परीक्षा संचालनका क्रममा गर्नुपर्ने काम, कर्तव्य र अधिकारको लागि लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०६७ को परिच्छेद-६, लिखित परीक्षा सम्बन्धी

व्यवस्था अन्तर्गत देहायका दफाहरुमा व्यवस्था गरिएको छ ।

दफा ३२ ख सुपरीवेक्षकको काम, कर्तव्य र अधिकार
दफा ३३ परीक्षा नियन्त्रकको काम, कर्तव्य र अधिकार
दफा ३४ केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार
दफा ३५ उपकेन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार
दफा ३६ सहायक केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार
दफा ३७ समन्वयकर्ताको काम, कर्तव्य र अधिकार
दफा ३८ निरीक्षकको काम, कर्तव्य र अधिकार

यस निर्देशिकालाई आयोगको Website: www.psc.gov.np मा राखिएको छ ।

**५. लोक सेवा आयोग (कार्यञ्चालन) निर्देशिका, २०६७ मा उल्लेख भएका विषयहरुका अतिरिक्त परीक्षामा खटिएका कर्मचारी/जनशक्तिले अरु के-के कुरामा ध्यान दिनु पर्दछ ?**

लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षामा खटिएको सबै कर्मचारीहरुको परीक्षालाई सुव्यवस्थित, मर्यादित र सहज रुपमा सम्पन्न गराउनका लागि अहम् भूमिका रहेको हुन्छ । लोक सेवा आयोगको (कार्यसंचालन) निर्देशिका, २०६७ मा उल्लेख भएका विषयका अतिरिक्त परीक्षामा खटिएका कर्मचारी/जनशक्तिहरुले देहायका विषयमा विशेष ध्यान दिनुपर्दछ :-

- आफू खटिएको परीक्षा केन्द्रमा कम्तिमा १ घण्टा अगावै पुगिसक्ने ।
- कुन विज्ञापन नं., सेवा, समूह, उप-समूह पदनामको परीक्षा सञ्चालन हुँदैछ, परीक्षाको अवधि कति समयको हुनेछ ? उमेदवारहरुलाई परीक्षा संचालन हुन सुरु भएको कति समय पछिसम्म प्रवेश गर्न दिने र कति समय पछि परीक्षा भवनबाट बाहिर जान दिने लगायतका विषयमा जानकारी लिने ।
- आफू खटिएको परीक्षा भवनमा कतिवटा केन्द्रहरु छन् ? आफ्नो परीक्षा केन्द्रमा कति रोल नं. देखि कति रोल नं. सम्मका परीक्षार्थीहरु रहेका छन् ?
- परीक्षाको प्रकार के हो वस्तुगत वा विषयगत ? परीक्षामा कुन कुन प्रकारको उत्तरपुस्तिकाहरु प्रयोग गरिन्छ ? ती उत्तर पुस्तिकाहरुका विवरण भर्ने तरिका ।
- परीक्षामा आफूले निर्वाह गर्नुपर्ने भूमिका, सो मा अस्पष्ट भएमा सोध्नुपर्ने माथिल्लो पक्ष ।
- परीक्षार्थीहरुसँग गर्नुपर्ने व्यवहार, परीक्षामा कायम गर्नुपर्ने मर्यादा के के हुन् ? जस्तैः परीक्षार्थी अगाडि गएर परीक्षार्थीले लेखिएको उत्तर पुस्तिका हेर्ने, उनीहरुलाई Signal गर्ने गर्नुहुँदैन । कुनै परीक्षार्थीले कुनै जिज्ञासा राखेमा आफ्नो तवरले समाधान गर्न सकिने भएमा सानो स्वरले निजले मात्र सुन्ने गरी बताइदिने ।
- केन्द्राध्यक्षको अनुमती विना परीक्षामा प्रयोग भएमा प्रश्नपत्रहरु लिने, अरुलाई दिने गर्नुहुँदैन । परीक्षा केन्द्र/भवन/कोठामा अन्य अनधिकृत व्यक्तिलाई प्रवेश गर्न दिनु हुँदैन ।
- मोवाइल खेलाउने, फोन गर्ने, एकआपसमा कुराकानी गर्ने, परीक्षार्थी बसेको सीट नजिकै गएर बस्ने लगायतका कार्यहरु गर्नुहुँदैन ।
- उक्त परीक्षामा परीक्षा दिने व्यक्ति कोही आफ्नो नातेदार रहेछ भने त्यस्तो परीक्षामा सामेल हुनु हुँदैन ।
- परीक्षा समाप्त भएपछि आफ्नो परीक्षा कोठामा उपस्थित उमेदवारहरुको क्रमअनुसार उत्तरपुस्तिकाहरु मिलाउने ।
- वस्तुगत प्रश्नहरुको उत्तरपुस्तिका भएमा परीक्षार्थीहरुले उत्तर खाली राखेको कोठामा धर्सो (-) लगाउने ।
- लेख्ने विषयगत उत्तरपुस्तिका भएमा परीक्षार्थीले उत्तर नलेखेको खाली पानामा धर्को तानी दिने र उत्तरपुस्तिका केन्द्राध्यक्षलाई बुझाउने ।
- आफ्नो परीक्षा कोठामा परीक्षा दिने सबैले उपस्थिति जनाए नजनाएको, उपस्थित परीक्षार्थीको संख्या, समावेशीताको किसिम आदि एकिन गर्नुपर्दछ ।
- परीक्षा संचालनको क्रममा तत्काल आइपर्ने प्रत्येक किसिमका समस्याहरु समाधान गर्ने तथा आफूले समाधान गर्न नसकेका विषयको हकमा केन्द्राध्यक्ष समक्ष पेश गर्ने ।

**६. परीक्षा केन्द्रमा परीक्षार्थी वा उमेदवारको के गर्दा प्रभावकारी हुने हुन्छ ?**

परीक्षा केन्द्रमा परीक्षामा खटिने आयोगका कर्मचारीहरु तथा आयोगले तोकेको अन्य कर्मचारी/प्रतिनिधिहरुले पालना गर्नुपर्ने जिम्मेवारीहरु भै उम्मेदवारहरुका लागि पनि केही जिम्मेवारी रहेका छन् । बुँदागत रुपमा ति कर्तव्य/जिम्मेवारी देहाय अनुसार छन् :

१) परीक्षा केन्द्रमा जाँदा आफूले दरखास्त दिएको विज्ञापन नं., सेवा, समूह, उपसमूह तथा पद र रोल नं.अनुसार सो केन्द्र पर्ने कुरा थप विश्वस्त हुन परीक्षा केन्द्र सम्बन्धी सूचना राम्ररी हेरी एकिन गर्ने ।

२) निर्धारित परीक्षा केन्द्रमा पुगेपछि परीक्षा भवनको मूल ढोकामा टाँस गरीएको विवरण अनुसार आफै परीक्षा हल पत्ता लगाई प्रवेश घण्टि लागेपछि कोठा नं.र स्थान अनुसार तोकिएको ठाँउमा गएर बस्ने ।

३) आफूले दरखास्त दिएको समूह (खुला तथा समावेशी) एकिन गरी आफ्नो उपस्थिति जनाउने ।

४) परीक्षामा अन्य सामग्री साथ राख्न नपाइने हुँदा छाता, झोला, पुस्तक, कापी, मोबाइल, कागजको टुक्रा आदि कक्षाकोठाको अगाडी तोकिएको स्थानमा राख्ने ।

५) मोवाइल र अन्य इलेक्ट्रोनिक्स सामान कक्षा कोठामा नलैजाने । लगी हाले पनि बन्द गरी तोकिएको स्थानमा राख्ने ।

६) उत्तरपुस्तिकामा तोकिए अनुसार सम्पूर्ण विवरण भर्ने । कुनै कुरा अस्पष्ट भएमा परीक्षा कोठामा खटिएका निरीक्षक तथा

कर्मचारीलाई सोध्ने ।

७) परीक्षार्थीले पालना गर्नुपर्ने विषयवस्तुका बारेमा उत्तरपुस्तिका तथा प्रवेशपत्रमा उल्लेखित सम्पूर्ण विवरणहरु ध्यान दिएर पढ्ने ।

८) प्रश्नपत्र हातमा परेपछि प्रश्नपत्रमा उल्लेखित निर्देशनहरु सर्सती पढ्ने र सोही अनुरुप गर्ने । तोकिए अनुसार सबै प्रश्नहरु छापिएका छन्/छैनन् एकिन गरेपछिमात्र वस्तुगत प्रश्नहरुको हकमा उत्तर पुस्तिकामा की अनिवार्य लेखी र विषयगत प्रश्नहरुको हकमा खण्ड भएमा खण्ड अनुसार सोही उत्तरपुस्तिकामा उत्तर लेख्ने ।

९) परीक्षामा लेख्नका लागि कालो मसी मात्र प्रयोग गर्ने । परीक्षाबाट परीक्षा शुरु भएको समयले तोकिएको अवधिसम्म वाहिर नजाने ।

१०) परीक्षार्थीहरुले कुनै प्रश्नको रफ गर्नुपरेमा प्रश्नमा नै गर्ने । कुनै अतिरिक्त कपि वा पानाहरु प्रयोग नगर्ने ।

११) परीक्षा दिँदादिँदै शौचालय जानु परेमा कलम लगायतका वस्तु नलैजाने ।

१२) परीक्षा सकेर जाँदा खण्ड अनुसार क्रमैसँग आफ्ना उत्तर पुस्तिकाहरु (उत्तर लेखेको तथा खाली भए सो पनि) परीक्षा कोठामा खटिएका जनशक्तिहरुलाई अनिवार्य रुपमा बुझाउने साथै बौद्धिक प्रश्नहरु तथा प्रश्नपत्रमा नै बुझाउनु पर्ने भनी उल्लेख गरिएका प्रश्नपत्रहरु अनिवार्य रुपमा उत्तरपुस्तिकासँगै फिर्ता गर्ने ।

**७. लोकसेवा आयोगमा उमेदवारले आफूले प्राप्त गरेको प्राप्ताक्त थाहा पाउने कुनै व्यवस्था छ ? कुन कुन चरणको प्राप्ताक्त कुन कुन प्रक्रिया पूरा गरी थाहा पाउन सकिन्छ ?**

लोक सेवा आयोगले उमेदवार प्राप्त गरेको कूल प्राप्ताङ्क थाहा पाउने सम्वन्धमा हालसालै नयाँ व्यवस्था गरेको छ । लिखित परिक्षाबाट उत्तीर्ण भई अन्तवार्तासम्म सामेल भईसकेका उमेदवारहरुलाई अन्तवार्ता समाप्त भई नियुक्तिको लागि सिफारिस गरेको सूचना प्रकाशित भएको ७ दिनपछि निजहरुले प्राप्त गरेको कूल प्राप्ताङ्क आयोगको Website: www.psc.gov.np को Total Mark Publication भन्ने Protol भित्र प्रकाशन गरिन्छ र यसरी प्रकाशन गरेको ७ दिनसम्म यो Website मा रहन्छ । अन्तवार्तामा सहभागी भएर नियुक्तिको लागि सिफारिस भएका र नभएका उमेदवार हरुले आयोगको website मा गई तोकीएको विवरण submit गरेमा आफ्नो प्राप्ताङ्क थाहा पाउन सक्नेछन् । यसरी प्राप्त हुने प्राप्ताङ्कमा लिखित परीक्षा, अन्तर्वार्ता, सीप परिक्षण तथा प्रयोगात्मक परीक्षा हुनेको हकमा सो समेत गरी कूल प्राप्ताङ्क एकमुष्ट रुपमा जानकारी पाउन सकिन्छ । यो अवसर अन्तर्वार्तामा सहभागी भएका सबै उमेदवार हरुले माथि उल्लेख भएको अवधिसम्म प्राप्त गर्न सकिनेछ । तर हरेक चरणको छुट्टाछुट्टै प्राप्ताङ्क भने प्राप्त हुने छैन । यसका लागि आयोगको website www.psc.gov.np मा Total Marks Publication option मा गई Click सकेपछि तहाँ माग भएका विवरणहरु भरेपछि लिखित परीक्षाबाट अन्तर्वार्ताको लागि छनौट भई अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरुले मात्र आफ्नो कुल प्राप्ताङ्क हेर्न सकिनेछ । प्राप्ताङ्क हेर्नको लागि उम्मेदवारले आफ्नो मास्टर आई.डी., विज्ञापन नं., रोल नं. र जन्म मिति उल्लेख गरी Search गर्नुपर्छ र Screen मा कुल प्राप्ताङ्क देखापर्नेछ । उपरोक्तानुसार विवरण देहायनुरुप भर्नुपर्दछ ।

Master ID - आफूले अनलाइन दरखास्त भर्दाको क्रममा प्राप्त Master ID नम्बर

Roll No. – परीक्षा दिँदाको बखत प्राप्त गरेका रोल नं.

Advertisement No – जस्तैः आफूले परीक्षा दिनका लागि आवेदन गरेको विज्ञापन नं. 16513/072-73

Date of Birth (On B.S.) जस्तैः आफूले दरखास्त दिँदा भरेको जन्ममिति उल्लेख गरेको 2031/10/05

यसरी उल्लेखित Formate मा विवरणहरु भरिसकेपछि आफ्नो प्राप्ताङ्क हेर्न सकिन्छ । यो भन्दा फरक तरिकाले (जस्तैः- माथि उल्लेखित जन्ममिति 2031-10-05 गरेमा) हेर्न नसकिने हुन्छ ।

**८. दृष्टिविहिन अपाङ्गता भएका परीक्षार्थीहरुको लागि परीक्षा दिने सम्बन्धमा के कस्तो नयाँ व्यवस्था रहेको छ ?**

अपाङ्गता भएको व्यक्तिहरुलाई पनि सरकारी जागीरमा आकर्षण बढाउनु राज्यको दायित्व हो । यस्तै तथ्यलाई मध्यनजर गरी खुलातर्फ माग भएका पदसंख्यामा पैतालिस प्रतिशतलाई शतप्रतिशत मानी सो को पाँच प्रतिशत पदहरु अपाङ्ग उमेदवारहरुबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था रहेको छ । अपाङ्ग उमेदवारहरुको अपाङ्गताको प्रकृति फरक-फरक किसिमको हुन्छ । कतिपय अपाङ्गता भएका उमेदवारहरुले परीक्षाका प्रश्नहरुको समाधान आफैले गर्ने गरेको पाईन्छ भने कतिपयले सहयोगी लेखक राख्ने गरेको पाईन्छ । अन्य अपाङ्गताको तुलनामा दृष्टिविहिन अपाङ्गता भएका उमेदवारहरुले अन्य सामान्य किसिमका अपाङ्गता भएका उमेदवारहरुसँग समान प्रतिस्पर्धा गर्नुपर्ने भएकोले यस्ता उमेदवारहरुको लागि आयोगबाट लिइने विभिन्न श्रेणीका पदहरुको परीक्षामा सोधिने प्रश्नपत्रको मनोवैज्ञानिक परीक्षणको खण्डमा रहने विभिन्न Reasoning Test मध्ये दृष्टि विहिन उमेदवारहरुको हकमा Abstract/ Pictorial Reasoning का प्रश्नहरुको जवाफ दिन नपर्ने र अन्य Reasoning Test हरुको अंकलाई उक्त खण्डको शत प्रतिशत मानी कायम भएको अंकलाई मनोवैज्ञानिक परीक्षण खण्डको कुल प्राप्ताङ्कको रुपमा नतिजा प्रकाशन प्रयोजनको लागि गणना गर्ने गरी आवश्यक व्यवस्था मिलाउने तथा OMR बाट परीक्षण गरिने परीक्षाको लागि दृष्टि विहिन उमेदवारहरुको उत्तरपुस्तिका छुट्टै खाममा शिलबन्दी गरी मूल खामभित्र संलग्न गरी पठाउने र यस्ता उत्तर पुस्तिकाहरुलाई छुट्टै कोडिङ्ग गरी म्यानुअल परीक्षण गर्ने व्यवस्था गरिएको छ भने सहयोगी लेखक आवश्यक हुने लिखित परीक्षाको लागि तोकिएको समयावधीमा प्रति घण्टा १० मिनेको दरले थप समय प्रदान गर्ने गरिएको छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्परुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधान, धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ३७७ जना (राजपत्रांकित श्रेणीतर्फ १२५, राजपत्र अनंकित श्रेणीतर्फ १६८ र श्रेणी विहीनतर्फ ८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।) |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | |

| क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम |
|---|---|---|---|
| १ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री केदारनाथ शर्मा | क) परीक्षा संचालन शाखा (प्राविधिक) | श्री इश्वरीप्रसाद अर्याल |
| | | ख) परीक्षा संचालन शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री सूर्यनाथ कोईराला |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| २ | प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री राजन राई |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | श्री जानकीराम शर्मा बराल |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| ३ | प्रशासन तथा योजना महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल | क) प्रशासन शाखा | श्री भक्कप्रसाद आचार्य |
| | | ख) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाईं |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा समन्वय शाखा | श्री शिवराम न्यौपाने |
| ४ | परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>श्री खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि तथा अनुसन्धान शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री राजीव गौतम | क) नीति नियम तथा अभिलेख शाखा | श्री सन्तोषप्रसाद दाहाल |
| | | ख) वढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |

| | | |
|---|---|---|
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री विष्णुप्रसाद लम्साल, निमित्त सचिव श्री लोकहरि पाण्डे<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाईं,<br>सहायक सूचना अधिकारी - शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटा |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको निरीक्षण निर्देशिका, २०५१<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासनसम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www. psc. gov. np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री अनिलराज शर्मा | ०२६-५२०१३०/५२०१५१ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४४१०७८२, ४४१०९६५, |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री जीतबहादुर क्षेत्री भट्टराई | ०६१-४६३१४५, ४६३५०६ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०८३-५२०१०६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री भरत खनाल | ०९४-४४०१४७, ४४०१७८ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी. | ०३६-४२०१७७ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | नायब सुब्बा, श्री मनिकुमार तामाङ | ०४४-५२०१४७ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, श्री गंगाधर पौडेल | ०६८-५२२६४७ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री तुलसा सेढाई | ०८२-५२००१३ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री नन्दीराज ओझा | ०९९-५२१२०९ |
| १५. | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र | शाखा अधिकृत, श्री प्रेमप्रसाद देवकोटा | ०१-४७७१२१४ |

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण :**

| | | | | |
|---|---|---|---|---|
| १. | अमर बहादुर साह, रामग्राम न.पा.-२, नवलपरासी | • २०६४ सालदेखि समावेशी समूहले प्रारम्भिक परीक्षामा सहभागी नहुनुपर्ने निर्णयको प्रतिलिपी<br>• आ.व. २०७०/७१ देखि समावेशी समूहका परीक्षार्थीले प्रथम चरणको परीक्षामा सामेल हुनुपर्ने निर्णयको प्रतिलिपी<br>• २०६४ साल परीक्षाहरुमा समावेशी समूहहरुको सहभागीता र नतिजाको प्रतिलिपी | २०७२/१२/२६ | सूचना मागकर्तालाई देहायका विवरण उपलब्ध गराइएको :<br>१. आयोगको निर्णय नं. ३५/०६४/६५ मिति २०६४।४।२९ को निर्णयबाट देहायको व्यवस्था भएको :<br>(क) रा.प.तृतीय श्रेणी (अप्राविधिक) खुला तर्फको ५५५ पदको लागि प्रारम्भिक परीक्षा सञ्चालन गर्ने ।<br>(ख) महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका लागि छुट्टाइएको ४५५ पदको लागि प्रारम्भिक परीक्षा आवश्यक नपर्ने ।<br>२. आ.व. २०७०/७१ देखि समावेशी समूहका परीक्षार्थीले प्राप्त गरेको प्रथम चरणको शतप्रतिशत प्राप्ताङ्क दोस्रो चरणमा समावेश भई जोडिने हुँदा सबै वर्गले परीक्षामा सामेल हुनुपर्ने व्यवस्था सहितको पाठ्यक्रम आयोगबाट स्वीकृत भएकोले सो पाठ्यक्रम आयोगको ध्भदकष्तभ मा सार्वजनिक भएको छ ।<br>(क) आ.व. २०६४ सालको परीक्षाहरुमा समावेशी समूहहरुको सहभागिता सम्बन्धी लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता पश्चात सिफारिश हुँदाको नतिजा समेत तत् समयमा आयोगबाट सूचनाहरु प्रकाशित भएको, ध्भदकष्तभ र गोरखापत्र, बुलेटिन मार्फत सार्वजनिक गरिएकोले सोही आधारमा सूचना संकलन गर्नुहुन र उक्त सूचना संकलनको क्रममा कुनै अस्पष्टता/कठिनाई भएमा सूचना अधिकारीको सहयोग लिनुहुन समेत अनुरोध गरिएको । |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरुको पदपूर्ति सम्बन्धी आ.व.२०७२/७३ को वार्षिक कार्यतालिका

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौँ र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौँ तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | चैत | वैशाख | |
| | | खुला – द्वितीय चरण | | | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।